# स्थानीय शिक्षा ऐन, २०७५ को पहिलो संशोधन ऐन, २०८०

प्रमाणिकरण मितिः-२०८०/०३/२७

ऐन नं. - ३३

प्रस्तावनाः प्रचलित लिखु गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७५ मा समसामयिक सुधार गर्न वान्छनिय भएकोले गाउँ सभाले यो ऐन तर्जुमा गरेको छ।

१) संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "स्थानीय शिक्षा ऐन, २०७५ को पहिलो संशोधन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ।

२) दफा २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ;

"(ग) "कोष" भन्नाले दफा ४५ बमोजिम विद्यालय संचालनका लागि खडा गरिएको विद्यालय कोषलाई सम्झनु पर्छ।"

३) दफा २ को खण्ड (ठ) पछी देहायको खण्ड (ठ१) थपिएको छ;

"(ठ१) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।"

४) दफा २ को खण्ड (ड) को सट्टा देहायको खण्ड (ड) राखिएको छ;

"(ड) "व्यवस्थापन समिति" भन्नाले दफा १९ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।"

५) दफा २ को खण्ड (ण) को सट्टा देहायको खण्ड (ण) राखिएको छ;

"(ण) "शिक्षा शाखा" भन्नाले गाउँ कार्यपालिकामा रहेको शिक्षा क्षेत्र हेर्ने शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ।"

६) दफा २ को खण्ड (त) पछी देहायको खण्ड थ, द, ध र न थपिएको छ;

"(थ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(द) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

(ध) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनाइएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले दफा १९ को प्रयोजनको लागि विद्यार्थीको बाबु, आमा, बाजे र बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(न) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।"

७) दफा ८ को उपदफा (१), (२), (३), (४), (५) र (८) को सट्टा देहायको उपदफा (१), (२), (३), (४), (५) र (८) राखिएको छ;

"(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा शिक्षा समितिको सिफारिस सहित शिक्षा शाखा समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा गाउँपालिका शिक्षा समितिका सिफारिसमा तथा कार्यपालिकाको स्वीकृतिमा शिक्षा शाखाले तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न शिक्षा शाखा समक्ष निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरी गाउँपालिका शिक्षा समितिको राय सहित कार्यपालिकामा प्रस्ताव पेश गर्ने छ र प्रस्ताव बमोजिम विद्यालय सञ्चालन गर्न गाउँ कार्यपालिकाले पुनः अनुमति तथा स्वीकृति दिनेछ।

(५) प्राविधिक शिक्षा तथा ब्यवसायीक तालिम परिषदद्धारा तर्जुमा गरिएको प्राविधिक तथा ब्यवसायीक माध्यमिक शिक्षा (टि–एसइइ) सञ्चालनका लागि कुनै सामुदायीक माध्यमिक विद्यालयले शिक्षा शाखामा निवेदन दिएमा परिषदद्बारा तोकिएको मापदण्ड जाँचबुझ र एकिन गरी गाउँपालिका शिक्षा समितिको सिफारीसमा कार्यपालिकाले अनुमति प्रदान गर्न सक्नेछ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा शिक्षा शाखा समक्ष निवेदन दिनु पर्नेछ। गाउँपालिका शिक्षा समितिको सिफारिसमा कार्यपालिकाबाट सो को स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ।"

८) दफा ९ र दफा ९ को खण्ड (क) र (ख) को सट्टा देहायको दफा ९ राखिएको छ;

"९ धरौटी राख्नु पर्नेः संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत तोकिए बमोजिमको धरौटी रकम कार्यपालिकाको धरौटी खातामा जम्मा गर्नु पर्नेछ।"

९) दफा १० झिकिएको छ।

१०) दफा १५ र दफा १५ को उपदफा (१), (२), (३) को सट्टा देहायको दफा १५ र दफा १५ को उपदफा (१), (२), (३) राखिएको छ;

"१५ विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः (१) कार्यपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका एक किलो मिटरको दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा शिक्षा शाखा मार्फत गाउँपालिका शिक्षा समितिमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश हुने आएको निवेदन उपर गाउँपालिका शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले नाम परिवर्तनको स्वीकृती दिन सक्नेछ।"

११) दफा १५ को उपदफा (४) पछी देहायको उपदफा (५) थपिएको छ;

"(५) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

१२) दफा १६ को उपदफा (१) को खण्ड (ख) पछी देहायको खण्ड (ख१) थपिएको छ;

"(ख१) प्रमुख प्रशासकीय अधिकृत - सदस्य।"

१३) दफा २१  र दफा २१ को उपदफा (१) को सट्टा देहायको दफा २१ र उपदफा (१)  राखिएको छ;

"२१ कार्यपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्नेः (१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण तोकिए बमोजिम गाउँ कार्यपालिकाले गर्नेछ।"

१४) दफा २४, दफा २४ को उपदफा (१)  र उपदफा (१) को खण्ड (ख), (ग) र (घ) को सट्टा देहायको दफा २४, उपदफा (१) र खण्ड (ख), (ग) र (घ) राखिएको छ;

"२४ शिक्षक तथा कर्मचारीको नियुक्तिः (१) विद्यालयमा कायम भएको रिक्त दरवन्दी शिक्षक तथा कर्मचारी पदमा करार नियुक्तिको व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ;

(ख) बिषयगत विज्ञ मध्येबाट गाउँपालिका शिक्षा समितिको संयोजकले तोकेका विषय विज्ञ दुई जना - सदस्य

(ग) गाउँपालिकाको शिक्षा अधिकृत वा निजले तोकेको प्रतिनिधि – सदस्य

(घ) झिकिएको।"

१५) दफा २४ को उपदफा (२) पछी देहायको उपदफा (३) थपिएको छ;

"(३) शिक्षकको हकमा शिक्षक सेवा आयोगले निर्धारण गरेको हद सम्म सोहि बमोजिमको तथा अन्य शिक्षक तथा कर्मचारीको हकमा गाउँपालिका शिक्षा समितिले निर्धारण गरे बमोजिमको पाठ्यक्रम लागु हुनेछ।"

१६) दफा २५ को उपदफा (१)  र  (२) तथा उपदफा (२) को खण्ड (क) देखि (घ) को सट्टा देहायको उपदफा (१) र (२) राखिएको छ;

"(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ।

(२) प्रधानाध्यापकको नियुक्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

१७) दफा २६ को उपदफा (१)  र  (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएको छ;

"(१) शिक्षकलाई कुनै एक विद्यालयमा न्युनतम २ वर्ष अध्यापन गरेपश्चात गाउँपालिका क्षेत्रभित्रको अर्को विद्यालयमा सरुवा गर्न सकिने छ।

(२)  न्यूनतम २ वर्ष एकै विद्यालयमा अध्यापन गरेका शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा शिक्षा शाखामा सम्वन्धित विद्यालय ब्यवस्थापन समितिको सहमति सहित सरुवाका लागि निवेदन दिन सक्नेछन्। यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिका शिक्षा समितिले आफ्नो क्षेत्रभित्रका दरवन्दी उपलब्ध भएका र सम्वन्धित विद्यालय ब्यवस्थापन समितिले सहमति प्रदान गरेको विद्यालयमा सरुवाको लागि कार्यपालिका प्रस्ताव पेश गर्नेछ, प्राप्त प्रस्ताव बमोजिम कार्यपालिकाले सरुवा गर्न सक्नेछ।"

१८) दफा ३० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ;

"(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतसँग शिक्षा अधिकृतले, शिक्षा अधिकृतको रोहवरमा बिद्यालय व्यवस्थापन समितिको अध्यक्षसँग प्रधानाध्यापकले, बिद्यालय व्यवस्थापन समितिको अध्यक्षको रोहबरमा प्रधानाध्यापकसँग आफ्ना मातहतका सबै शिक्षकहरुले कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ।"

१९) दफा ३८ को उपदफा (१) को खण्ड (क) (ग) र (घ) सट्टा देहायको खण्ड (क) (ग) र (घ) राखिएको छ;

"(क) बिद्यालयको संस्थापक वा लगानिकर्ताहरु मध्येबाट मनोनित गरेको एक जना - अध्यक्ष

(ग) स्थानीय शिक्षा प्रेमि वा समाजसेविहरुमध्येबाट बिद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना - सदस्य

(घ) शिक्षा अधिकृत वा निजले तोकेको प्रतिनिधि एक जना - सदस्य”

२०) दफा ३८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ;
“(२) उपदफा (१) को (क), (ख), (ग) र (ङ) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन बर्षको हुनेछ।”

२१) दफा ४४ र दफा ४४ को उपदफा (१) र (३) को सट्टा देहायको दफा ४४ र उपदफा (१) र (३) राखिएको छ;
“४४ परीक्षा सञ्चालन तथा व्यवस्थापनः (१) गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा संचालन तथा व्यवस्थापन समन्वय समिति तोकिए बमोजिम हुनेछ।
(३) कक्षा ५ र ८ को बार्षिक परीक्षा संचालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ।”

२२) दफा ५९ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ;
“(३) कोषको सञ्चालन सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ।”

२३) मुल ऐनमा ठाउँ ठाँउमा रहेको “शिक्षा शाखा हेर्ने अधिकृत” भन्ने शब्दहरुको सट्टा “शिक्षा अधिकृत” भन्ने शब्दहरु राखिएका छन्।

२४) मुल ऐनमा ठाउँ ठाँउमा रहेको “शिक्षा हेर्ने शाखा” भन्ने शब्दहरुको सट्टा “शिक्षा शाखा” भन्ने शब्दहरु राखिएका छन्।

२५) मुल ऐनमा ठाउँ ठाँउमा रहेको “ गाउँ शिक्षा समिति” भन्ने शब्दहरुको सट्टा “गाउँपालिका शिक्षा समिति” भन्ने शब्दहरु राखिएका छन्।

२६) मुल ऐनमा ठाउँ ठाँउमा “गाउँपालिका” भन्ने शब्द भएको तर सो व्यवस्थाको उद्देश्य बमोजिम “कार्यपालिका” भन्ने शब्द हुने पर्ने अवस्थामा “कार्यपालिका” भन्ने शब्द राखिएका छन्।

२७) मुल ऐनमा ह्रस्व र दीर्घ नमिलेको ठाउँमा मिलाईएको छ।